प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०७/११


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब बाउन्न प्रतिशत (५१.६५%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता बढी देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १६०४०० (१००%) | ८२८४० (१००%) |
| निको भएको | ११८८४३ (७४.१%) | ५७९५५ (६९.९%) |
| उपचाररत | ४०६८१ (२५.४%) | २४४७० (२९.५%) |
| मृत्यु भएको | ८७६ (०.५५%) | ४१५ (०.५०%) |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/११ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/११ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०७/११

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | १२५ | २७ | १५२ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | ४९ | १ | ५० |

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाण्डौ | २ | १ पुरुष र १ महिला |
| चितवन | २ | १ पुरुष र १ महिला |
| भक्तपुर | १ | १ महिला |
| ललितपुर | १ | १ महिला |
| जम्मा — ६ | | |

## ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- काठमाण्डौकी ६० वर्षिया महिला कार्तिक १० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा सोहि दिन निधन भएको छ । उहाँको कार्तिक १० गते नै कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ क्यान्सरको समेत बिरामी हुनुहुन्थ्यो।) खड्कागाउँ, काठमाण्डौका ९१ वर्षिय पुरुष कार्तिक २ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ९ गते निधन भएको छ । उहाँको असोज २५ गते कोभिड-१९ पुष्टि भएको थियो ।

- चितवनका ५६ वर्षिय पुरुष मुटुको समस्या भई कार्तिक १ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ९ गते निधन भएको छ । उहाँको असोज ३० गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ क्षयरोग, उच्च रक्तचाप र दिर्घ मृगौला रोगको समेत बिरामी हुनुहुन्थ्यो।) भरतपुर, चितवनकी ६७ वर्षिया महिला निमोनिया र मुटुको समस्या भई कार्तिक ५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १० गते निधन भएको छ । उहाँको कार्तिक ६ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ थाईराएड समस्या, उच्च रक्तचाप र मृगौला रोगको समेत बिरामी हुनुहुन्थ्यो।)

- भक्तपुरकी ४० वर्षिया महिला मुटुको समस्या भई कार्तिक ६ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ९ गते निधन भएको छ । उहाँको असोज ७ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ निमोनिया र माइग्रेनको समेत बिरामी हुनुहुन्थ्यो।) मानभवन, ललितपुरकी ८१ वर्षिया महिला असोज २९ गते

अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ९ गते निधन भएको छ । उहाँको कार्तिक १ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ मधुमेह र उच्च रक्तचापको समेत बिरामी हुनुहुन्थ्यो।) उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७६१२ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल २८८ जना बसिरहनुभएको छ भने १३५२ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४६३८ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३६३६ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १७९७७ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १३८५४४ जनाको पिसिआर परिक्षण गरिएको छ ।
- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेश भएको तर स्थानीय स्थानीय र केन्द्रीय तहबाट संकलन भएका केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा समावेश गर्न नसकिएकोले स्वाबको संख्या कम देखिएको छ ।स्वाबको रिपोर्टिंग र आइसोलेसनमा बसेको विवरणलाई आगामी दिनमा व्यवस्थित गर्दै लगिनेछ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | होम आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या@ | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | २६६६ | २१७४ | १०५०१ | ५३१६३ | ५७१९५ | २२५ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २३६२ | ११२३४ | ८१०१ | २३ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | १७१९ | ११५२५ | ५३६९ | ४ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ३ | ४५ | १३५० | ८५ | | |
| नुवाकोट | ५४९ | १ | ९ | ४५ | ५ | २३१ | ५९३६ | ५८४ | १ | |
| धादिङ | ३१५ | ० | १८ | १६० | ४३ | ४९५ | ५२०७ | ११३१ | ३ | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३* | १०८० | १५७७९ | ४२७५ | १ | |
| सिन्धुली | ३१३ | १७ | २५ | ४३ | २० | ११५ | ३६७५ | ३६० | | |
| मकवानपुर | १५५ | ३ | ० | २६० | ५१ | ८५२ | १४७१४ | ३०७० | | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | १९ | १४७९ | ३४३ | २ | |
| दोलखा | १९३ | २ | ३ | ४४ | १० | १६ | २३०७ | २७१ | १ | |
| काभ्रेपलान्चोक | ५९७ | ३ | ६६ | १७६ | ६७ | ४०४ | ६५१७ | १५४३ | ११ | |
| सिन्धुपाल्चोक | ७५४ | ३ | १०१ | १२६ | २५ | १३८ | ५६५८ | ५१३ | २ | |
| जम्मा | ७६१२ | २८८ | १३५२ | ४६३८ | ३६३६ | १७९७७ | १३८५४४ | ८२८४० | २७३ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको, @केहि जिल्लाहरुको अध्यावधि गर्न बाँकी रहेको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोको मितिसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ११८५८ | ४ | १२ | १ जनाः धादिङ-१ | ११ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३०२८८ | २४ | ७५ | २५ जनाः मकवानपुर-२४, फलोअप-१ | ५० | |

(आज प्राप्त भएको नमुना परिक्षण हुने क्रममा छ।)

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड१९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता

डा. पुरुषोतम राज सेढाई